आफ्नो कमण्डलमा गंगाजल भर्दछ र पत्थरको मार्ग हुँदै नाङ्गो खुट्टाले मन्दिर सम्म पुग्दछ। हजारौंको संख्यामा यस्तो भक्तहरु आउँदछन्। जो ८० किलोमिटरको मार्गमा कतै नरोकिएर द्रुत गतिले चल्दै मन्दिर पुग्छन् र भगवान शिवको मस्तिष्कमाथि गंगाजलले अभिषेक गरेर आफ्नो संकल्प पूरा गर्छन्। यस्तो शिवभक्तलाई डाकबम भनिन्छ। पूरा एक महिनासम्म देवघर बोलबम अर्थात् जय शिवशंकरको जयकारले गुञ्जिन्छ। देवघरको शिवमन्दिर कुनै विशेष रुपले भव्य र विशाल मन्दिर त होइन, तर भक्तहरुको अपार श्रद्धाले उसलाई जुन भव्यता र विशालता प्रदान गरेको छ त्यसले वास्तुकलाको ठूलो भन्दा ठूलो कलाकारिता पनि प्रदान गर्न सक्दैन। देवघरको ज्योर्तिलिङ्गको जुन पौराणिक कथा प्रचलित छ। उसको सम्बन्ध लङ्काधिपति रावणसँग जोडिएको छ। भनिन्छ उनले ठूलो गर्वसाथ महादेवलाई आफ्नो शिरमा राखेर लङ्का लिएर गइरहेको थियो तर उनीसँग जुन शर्त जोडिएको थियो उसले त्यो पालना गर्न सकेन। फलस्वरुप उनले महादेवलाई त्यहाँबाट फेरि उठाउन सकेनन्। धर्मकथाहरु तर्क वितर्कबाट पर हुन्छन्।

सुल्तानगञ्जमा जहाँबाट भक्तहरु हातमा जलपत्र लिएर गंगाजल भर्दै गंगाको धारा उल्टो दिशामा बगाउँदै अर्थात् पूर्वतर्फ बग्ने गंगालाई उत्तरतर्फ मोड्ने गर्दछ। यसको साथै एउटा पौराणिक कथा पनि जोडिएको छ। भनिन्छ राजर्षि भगिरथको तपस्याको फलस्वरुप जब गंगा स्वर्गलोकबाट पृथ्वीमा उतारियो तब उनको प्रवल प्रवाह दुईठाउँमा अवरुद्ध भए। त्यो उसको अहंकारको प्रतिफल थियो। उनी भित्र यो अहंकार जाग्यो जुन भगवान शंकरले उनको बेगलाई थाम्ने साहस देखायो। उनको साथसाथ आफ्नो प्रवल वेगको साथसाथ पाताल लोकमा पुगिदिए। तर उनले त्यस्तो गर्न सकेनन्, उनी भगवान शंकरको जटजालमा अदृश्य भइन्। भगिरथको तपस्याबाट प्रसन्न भएर भगवान शंकरले आफ्नो जटाजालबाट गंगालाई मुक्त गरेका थिए। अब आफ्नो रथमा आरुढ भई द्रुत गतिले भगिरथ अगाडि

अगाडि हिडे उनको पछाडि तरङ्गित गंगा चलिन्। सुल्तानगञ्जको नजिक यो ठाउँमा मुस्लिमधर्मी नाम मुस्लिम शासनकालमा परेको थियो। महर्षि जहनु यज्ञ गर्दै थिए उनको यज्ञ मण्डप गंगाको प्रवाहमार्गमा गर्वले भरिएकी गंगा उनको यज्ञमण्डपलाई आफ्नो जलप्रवाहले बगाइन्। उनको अहंकारले कुपित हुँदै महर्षि जहनुले समस्त जललाई पिइदिए। गंगा एकपल्ट फेरि अदृश्य भइन्। देवताहरु र राजर्षि भगिरथको प्रार्थनाले प्रसन्न भएर उनले आफ्नो कानको प्वालबाट गंगालाई मुक्त गरिन्। यहाँबाट त्यहाँ गंगाको धारा उत्तरदिशातर्फ मोडियो। पौराणिक कथा जे सुकै होस् तर यो कुरा स्पष्ट छ अहंकार मानिसका लागि ठूलो दुर्गण मध्ये एक हो। अहंकारबाट मुक्ति मानव जीवनको उच्चता तर्फ लैजान्छ। सरिताहरुमा सर्वश्रेष्ठ गंगाबिना भारत वर्षको कल्पना गर्न सकिन्न। तर आज गंगाको जल यति धेरै प्रदूषित भएको छ। उसलाई प्रदूषण मुक्त गर्नको लागि ठूलो योजनाको आवश्यकता छ। जीवनदायिनी गंगा कतै जीवन विनाशानी बन्न नपुगोस्।

## यात्रा समापन


सास्वांको सरस्वती शिशु मन्दिरमा हाम्रो विश्रामकालमा त्यहाँको आचार्य र सचिवले हाम्रो भरपूर सेवा गर्नुभयो। १९ जुनमा माधोपुर पुग्यौं। त्यहाँका हरिभाई पटेलका निवासमा त्यहाँ एकत्र मारवाडी एवम् गुजराती भाइहरुलाई देखेर यस्तो लागेन उनीहरु जैन होइनन्। जैन नभएर पनि जैन धर्म र जैन आचार विचारसँग राम्रो परिचित भएको जस्तो लाग्यो। त्यहाँ जैन महेन्द्र मुनिजीको नाममा एउटा छात्रावास सञ्चालन भएको रहेछ। जब हामी जगदीशपुर (दोश्रो जगदीशपुर)को लागि हिड्यौ। तब हामीलाई लाग्यो हामी आफ्नो यात्रालाई अन्त्य गर्दैछौं। वेगाबाद हुँदै २२ जुनमा गिरिडीह पुग्यौं। यहीबाट हामीले ५ जनवरी २००० बाट हाम्रो यात्रा शुभारम्भ गरेका थियौं। हामी फेरि पशुपति अग्रवालको घरमा रोकियौं। फेरि बराकर हुँदै २४ जुनमा सम्यत शिखरजी पुग्यौं। जहाँ ३० जुन सम्म विश्राम गर्‍यौं। त्यसपछि १

जुलाईमा निमियाघाट र इसरीबजार, २ जुलाईमा टोपचाँची, ३,४ जुलाईमा कतरास, ५,६ जुलाईमा झरिया हुँदै हामी ७ जुलाईमा धनवाद पुग्यौं । चतुर्मासका लागि हामीले ९ जुलाई सन् २०००मा धनवादको जैन भवनमा प्रवेश गर्‍यौं ।

यसप्रकार हाम्रो कर्मभूमिबाट जन्मभूमिको लामो यात्रा समापन भयो । हाम्रो एक चिरपोशित आकांक्षा पूरा भयो । यो यात्रा क्रममा हामीले आफ्नो जीवनमा नयाँ नयाँ जीवनहरु समेट्यौं । धेरै कुराहरु देख्ने र बुझ्ने अवसर मिल्यो । हामीले केवल विचारवान् व्यक्तिहरु मात्र भेटेनौं विवेकशून्य पनि भेट्यौं । तिनीहरुको विवेक शून्यता उसकै अशिक्षा तथा अन्धविश्वासको परिणाम थियो । यो एउटा चिन्तनीय स्थिति हो कि विश्व मानव समुदायको एक वर्ग यस्तो पनि छ । तारा र चन्द्र ग्रह सम्म पुग्नको लागि असंख्य धन खर्च गरिरहेका छन् । तर उनीहरुकै सहधर्मीहरु धर्तीमा घोर अन्धकारमा भड्किइरहेका छन् । विज्ञानको प्रगतिले विश्वका देशहरुको भौगोलिक दूरी अन्त त गरिदियो तर आज हामी भूमण्डलीकरणको प्रक्रियामा गुझिरहेका छौं । मानव जीवनको बीच अहिले पनि धर्म र राजनीतिको नाममा जुन दूरी बनिरहेको छ । यसलाई अन्त्य गर्नु आवश्यक छ । जब त्यो दूरीको अन्त्य हुन्छ तब मात्रै विश्व मानव समुदाय भित्र वसुधैव कुटुम्बकम्को भावना बढी भन्दा बढी बलवान हुन्छ । जब सम्म मानिसको चिन्तन आफू र आफ्नो परिवारको सुख दुखमा सीमित हुन्छ, तब विश्व मानवता विकासको लागि सहभागी हुन सक्दैन । उसको अन्तरजगत बाह्य जगतसँग एकाकार हुन आवश्यक छ । मानिसको सर्वोपरिता यसैमा छ कि उ अरु मानवलाई पनि आत्म तुल्य सम्झन सकोस् । प्रभु महावीरले पावापुरीमा आफ्नो अन्तिम प्रवचनमा भन्नुभएको थियो 'माणुस्सं खु सुदुल्लहं' अर्थात मनुष्य जीवन दुर्लभ छ । दुर्लभ मनुष्य जीवनको सार्थकता यसैमा छ । कि उ अरुको सेवामा लागोस् । ऊ भित्र जुन विराट चेतना छिपेको छ ऊ आफ्नो सत्कर्म र सद्विचारले जागृत गरोस् । उसको चेतनाको विराटतामा भेदभावमूलक सबै पन्थ सम्प्रदाय समाहित

हुन सकोस् र मानिस मानिसको बीच विभाजनका रेखाहरु अदृश्य होस् तबमात्र धर्मको जुन रुप बाहिर देखा पर्नु पर्ने हो त्यो प्रकट हुन सक्दछ। र त्यही नै असली मानव धर्म हुन्छ। जसको लागि जैन धर्मले आग्रह गर्दछ।

❖❖



परम पुजनीय जैन सन्त मुनि श्री मणिभद्र सरल महाराज पोखरामा आयोजित जन्माष्टमी शोभायात्रामा प्रमुख अतिथिको रूपमा आफ्नो मन्तव्य व्यक्त गर्नु हुँदै ।



परम पुजनीय जैन सन्त मुनि श्री मणिभद्र सरल महाराज पोखरामा आयोजित जन्माष्टमी शोभायात्रा कार्यक्रममा सरिक हुँदै ।